# 'नयाँ क्षितिजको खोज' उपन्यासमा इतिहास चेतना

● बबी लामा*

**सार :** ऐतिहासिक दस्तावेजझैँ लाग्ने उपन्यास 'नयाँ क्षितिजको खोज'मा दार्जिलिङको इतिहास कथाका रूपमा पाइन्छ। यस अध्ययन पत्रमा यसै उपन्यासमा पाइने ऐतिहासिक पक्षको अध्ययन गरिएको छ। इतिहासको अर्थ केलाउँदै आख्यान र इतिहास कसरी सम्बन्धित छन् भन्ने पक्षको अध्ययन गरिएको छ। उपन्यासमा इतिहास चेतनालाई कसरी राखिएको छ भन्ने कुरामा प्रकाश पार्दै उपन्यासकै आधारमा दार्जिलिङ र यसको विकाससम्बन्धी विविध सन्धि, शिक्षा, चिया खेती, रोड निर्माणजस्ता इतिहासलाई धेरथोर राख्ने प्रयास गरिएको छ।

**बीज शब्द** – उपन्यास, इतिहास, आख्यान, दार्जिलिङ।

### १. विषय प्रवेश

आधुनिककालीन लेखनमा 'आख्यान' शब्दको प्रयोग अङ्ग्रेजी 'फिक्सन'को पर्यायका रूपमा गरिन्छ। फिक्सन शब्दको सामान्य अर्थ *बनाउनु, अविष्कार गर्नु, भान पार्नु* भन्ने रहेका छन्। आख्यान भन्नाले इतिवृत्तात्मक लेख जसमा कल्पनाले सजीवता प्रदान गर्दछ भन्ने बुझिन्छ। आख्यान मात्र कल्पनाको डङ्गुर होइन। मानव जीवनमा घटित सत्य घटनालाई इतिवृत्तात्मक रूपमा सानो वा ठुला

* शोधार्थी, नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय।

आकारमा रचनाकारको कल्पनाका सहायताले कलात्मक रूपमा प्रस्तुत गरिएको लेख विशेष (कथा, उपन्यास) आख्यान हो। यसर्थ अहिले विशेष कथा र उपन्यासलाई नै आख्यानअन्तर्गत राखिँदै आएको छ। उपन्यास मानव जीवनसँग सम्बन्धित हुन्छ। यसैले उपन्यासको वस्तुस्रोत पनि मान्छेसँग सम्बन्धित समाज, इतिहास र विज्ञानलाई नै मानिएको छ। समाज मानवनिर्मित हुन्छ, मानवकै विभिन्न क्रियाकलाप र घटनाको चर्चा सङ्कलन इतिहासमा पाइन्छ भने विज्ञान पनि मानव उपज नै हो। एकअर्कासँग सम्बन्धित यिनै विषयलाई लिएर उपन्यास लेखिँदै आइरहेको छ। मान्छेका जीवनसँग सम्बन्धित भित्री र बाहिरी (आन्तरिक र बाह्य) पक्षका यथार्थलाई मौलिकता दिँदै प्रस्तुत गरिने आख्यानको एउटा हाँगो उपन्यास हो। यसमा यथार्थको प्रस्तुति फोटो खिचेर जस्ताको त्यस्तै राखिने काम जस्तो होइन; तर चित्रकलामा झैँ चित्रकारका आँखाले देखेका कुरालाई आफ्नो शिल्पकारिताद्वारा मौलिकता प्रदान गर्नु जस्तै हो।

### २. आख्यानमा इतिहास चेतना

''इतिहास मानव र मानवीय क्रियाकलाप, आर्थिक, राजनैतिक र सांस्कृतिक परिणाम हो। जब इतिहास उपन्यासका रूपमा आउने प्रयास गर्छ यसमा मानवीय श्रम र सौन्दर्यको कलात्मक स्वरूपको प्रस्तुति हुँदछ।''[१] इतिहास विगतका घटना र तिथिमितिभित्रका घटनाले कुनै पनि स्थान, काल, जातिसँग सम्बन्धित कथा बोकेको हुन्छ। त्यसर्थ इतिहासमा पनि कथा हुन्छ। जसरी उपन्यास, कथामा पनि एउटा कथा हुन्छ। इतिहासमा चित्रित विगतका घटना कुनै पनि समयको वर्तमान हुन्छ र त्यसले आउँदो भविष्यको पूर्वानुमान लगाउने काम गरेको हुन्छ। मानव विकासको अध्ययन विशेषका रूपमा पनि इतिहासलाई लिन सकिन्छ। इतिहाससँग वर्तमान सम्बन्धित छ। त्यसैले इतिहासमा समयको निरन्तरता हुन्छ र एउटा शृङ्खलामा निबद्ध भएर त्यहाँ कालिक चेतना पनि प्रकट भएको हुन्छ। यसर्थ इतिवृत्तात्मक दृष्टिले इतिहास अतीतका घटनाहरू र तिथि–मितिका शृङ्खलाबद्ध क्रम भए तापनि यसमा आख्यानको लक्षण पाइन्छ भन्न सकिन्छ। सबै प्रकारका आख्यानमा इतिहास मुछिएको हुन्छ भन्ने होइन तर आख्यानमा इतिहासका कुराहरू आउनु असम्भाव्य कुरो हो भन्ने पनि होइन। आख्यानमा ऐतिहासिक घटनावलीलाई आख्यानात्मकताका कसीमा कथाका रूपमा प्रस्तुत गर्नु आख्यानमा पाइने इतिहास चेतना हो। यसै त इतिहाससँग सम्बद्ध यथार्थमूलक घटनालाई विषयवस्तु बनाएर लेखिएका उपन्यासलाई ऐतिहासिक यथार्थवादी धाराअन्तर्गत राखिन्छ। यस्ता उपन्यासहरू झट्ट हेर्दा इतिहासका सत्य घटना, पात्र र स्थानको कालक्रमिक अध्ययनजस्तो लाग्दछ साथै ऐतिहासिक दस्तावेजको हुबहु चित्रण नै हुन्छ। तर यति भए तापनि यो इतिहास नभई उपन्यासकारको कलात्मकतामा प्रस्तुत गरिएको कथा हुन्छ। यस्तो

१. ऋषिराज बराल, वि सं २०६४, **साहित्य र समाज**, काठमाडौं, साझा प्रकाशन, पृ २२१

प्रस्तुति नै आख्यानमा पाइने इतिहास चेतना हो। इतिहासको लेखन परिपाटीमा वैज्ञानिकताको बढी प्रभाव हुँदाहुँदै पनि कतिपय तथ्यलाई सत्य प्रमाणित गर्न इतिहासमा पनि कल्पनाको प्रश्रय लिइन्छ। ''आज वैज्ञानिकता र काल्पनिकताको समन्वय इतिहास लेखनको आदर्श छ।[२]'' इतिहास र उपन्यास मानव जीवनका क्रियाकलाप र विकास अनि यसको गतिसँग सम्बन्धित भई लेखिने हुनाले आख्यानमा इतिहास हुनु स्वाभाविक छ। ''इतिहास, जीवनचरित्र, संस्मरणजस्ता सङ्कथनहरू कुनै जाति वा देश विशेष अथवा व्यक्ति विशेषका जीवनमा घटित वास्तविक घटनामा आधारित हुन्छन्। कल्पना त्यहाँ खालि तथ्यले पुर्न नसकेका नभ्याएका खाडल र खोपिल्टाहरू पुर्नका निम्ति मात्र प्रयोग गरिन्छ।''[३] जसरी इतिहास, संस्मरणजस्ता सत्यमा आधारित इतिवृत्तमा पनि कल्पना कतिपय ठाउँमा स्पष्टता दिनका निम्ति प्रयोग गरिन्छ भने कल्पनाका सहायताले कलाका माध्यमद्वारा सत्य सम्भावित विषयलाई ठोस र सजीव बनाउन सहयोगी तत्त्वका रूपमा इतिहासका पानामा रहेका सत्य घटनाको सहारा लिन सकिने सम्भावना उपन्यासमा रहन्छ। यसो हुँदा त्यस्तो आख्यान ऐतिहासिक चेतना लिएर लेखिएको प्रतीत हुँदछ। 'नयाँ क्षितिजको खोज' पनि यसै कोटिमा पर्ने उपन्यास हो।

### ३. उपन्यासमा इतिहास चेतना

असीत राईद्वारा रचित 'नयाँ क्षितिजको खोज' समग्र भारतीय नेपालीको प्रतिनिधित्व गर्दै आएको क्षेत्र दार्जिलिङ अन्तर्गतका पहाडी इलाकामा नेपाली जातिका बसोबासको थालनी, विकास र बीसौँ शताब्दीसम्ममा यस जातिमा आएका विभिन्न सामाजिक, राजनैतिक, सांस्कृतिक, भाषिक विकासजस्ता पक्षका प्रबल इतिहास प्रस्तुत गर्न खोजिएको उपन्यास हो। दार्जिलिङअन्तर्गतका नेपाली जनजीवनको श्रम र सङ्घर्षको कालक्रमिक अध्ययन उपन्यासमा दर्शाउन खोजिएको छ। दार्जिलिङमा नेपाली जातिको विकास र उन्नतिको इतिहास चेतनाको प्रभावस्वरूप लेखिएको यस उपन्यासमा आख्यानात्मकता साथै इतिहासपरक कतिपय सत्य घटनाको पनि प्रस्तुति तथ्यपरक रूपमा गरिएको पाइन्छ। उपन्यासमा भएका ऐतिहासिक पक्षलाई प्रस्तुत गर्दा 'नयाँ क्षितिजको खोज' उपन्यासमा वर्णित घटनाक्रम र तिथिमिति इतिहाससरह सत्य छ र यसैले अधिक दस्तावेजको प्रस्तुतिजस्तो पनि लाग्दछ तर विषयवस्तुलाई रोचकता प्रदान गर्नका लागि प्रयोग गरिएका भावनात्मक पक्षले आख्यानलाई साथमा लिएर हिँडेको छ। भावनात्मक पक्षमा पनि नेपाली जातिको अस्मिता र जातीय जागरूकताका कुराहरू विभिन्न पात्र–पात्राका सहायताले कलात्मकताका साथमा प्रस्तुत गरिएको छ जसले आख्यानमा इतिहासको प्रस्तुतिलाई बलियो आधार प्रदान गरेको छ। उपन्यासमा इस्ट इन्डिया कम्पनीले सन् १८३५ मा दार्जिलिङ क्षेत्रको

२. इन्द्रबहादुर राई, वि सं २०६७, **उपन्यासका आधारहरू**, काठमाडौँ, साझा प्रकाशन, पृ ८८
३. घनश्याम नेपाल, सन् २००५, **आख्यानका कुरा**, सिलगढी, एकता बुक हाउस, पृ २३

राजनैतिक अधिकार पूर्ण रूपमा आफ्नो अधिपत्यमा लिएदेखिका कुराहरू गरिएको छ। यसभन्दा अघिदेखि नै नेपाली जातिले गोठहरू बनाउँदै, जङ्गल फाँड्दै बसोबास गर्ने क्रम यस क्षेत्रमा भइसकेको दृश्य उपन्यासमा प्रस्तुत गरिएको छ। आधाभन्दा अधिक जनसङ्ख्या कहिले नेपाल त कहिले सिक्किम हुँदै अन्त्यमा भूभागसँगै दार्जिलिङसँग जोडिन आइपुगेको थियो भने कति मानिसहरूले उन्नाइसौँ शताब्दीको मध्यदेखि नेपालमा भएको निरङ्कुश शासन व्यवस्थाबाट भागेर अङ्ग्रेजको शरणमा पर्दै यस क्षेत्रभित्र बसोबास गर्न थालेका थिए। ''नेपाली शब्द हामी देख्छौँ तीन विभिन्न अर्थमा प्रयुक्त भएको, एउटा भाषालाई यसले बुझाउँछ, दोस्रो– जुनसुकै भाषा बोल्ने जुनै उद्भवको होस्, नेपालको नागरिक बुझाउँदै राजनैतिक सङ्केत राख्छ अनि तेस्रो– यसले एउटा विशिष्ट जाति गोष्ठी बुझाउँछ चाहे त्यो जातिको बसोबास नेपाल बाहिर अरू मुलुकमै किन नहोस्।''[४] डा कुमार प्रधानले व्याख्या गरेका तेस्रो प्रकारको जातिभित्र विशेष राई, लिम्बू, तामाङ, मगर, लाप्चे, छेत्री, बाहुन जसको आ–आफ्नो संस्कार, रीति–थीति, भाषा हुँदाहुँदै पनि नेपालबाहिर दार्जिलिङका वरिपरि एउटै भाषा नेपाली प्रयोग गर्दै सिङ्गो नेपाली समाजको निर्माण भएको छ। यही गोष्ठी विशेष नेपालीको इतिहास नयाँ क्षितिजको खोजमा देखाउन खोजिएको मूल कथा हो।

त्यस समयको साँध सीमाना वर्तमानको जस्तो थिएन। एउटै स्थानको रैथाने हुने कुनै प्रकारको सरकारी कागज पत्र बनाइने नियम नजानेका हुनाले त्यसताक साधारण मानिसहरू एउटा ठाउँबाट अर्को ठाउँ गाँस बासका निम्ति सरिहिँड्थे। सरुवा भई हिंड्दा दार्जिलिङ र यसका वरिपरि विभिन्न कारणले विभिन्न सम्प्रदायबाट आएर बसोबास गरी एउटै किसिमको दुखका भोगी भएकाले मिलिजुली नयाँ समाज र जातिको विकास गर्ने क्रममा चेप्जुदेखि नातिसम्म खण्ड विभाजन गरिएको नयाँ क्षितिजको खोज उपन्यासमा देखाइएको छ।

### ३.१ दार्जीलिङमा अङ्ग्रेजहरूको प्रवेश तथा विविध सन्धि

अठाहौँ शताब्दीको अन्तिम दशकको चित्रण गर्दै थालिएको यस उपन्यासमा दार्जिलिङका पुराना बासिन्दालाई 'रोङ' भनी बताइएको छ। तृतीय दृष्टिविन्दुमा उभिएर उपन्यासकारले उपन्यासको खण्ड 'एक' को भाग दुईमा सन् १८३५ को १ फरवरीमा सिक्किमले दार्जिलिङमा बसोबास गर्नका निम्ति, नेपालको आक्रमणबाट त्रस्त बन्दै अङ्ग्रेजको आड लिन क्याप्टेन जी डब्ल्यू के लाँइड र जी डब्ल्यू ग्रान्डको प्रतिनिधित्वमा ब्रिटिस सरकारलाई स्वास्थ्यकर जलवायु भएको कारण बताउँदै जमिनका निम्ति बर्षेनी तीन हजार रुपियाँ खजाना तिर्नु पर्ने सल्लाहसँग सिक्किमपति राजाले सुम्पिएको कुरो बताएका छन्। यस कुराले दार्जिलिङ विकासको पहिलो चरण अर्थात अङ्ग्रेज आगमनको ऐतिहासिक कुरा व्यक्त

४. कुमार प्रधान, सन् २०१०, **पहिलो प्रहर**, ललितपुर, साझा प्रकाशन, पृ २

भएको छ। उपन्यासबाट एउटा उद्धरण– ''जनरल भइसकेका लायड साहेब यही मौका छोपेर सिक्किमका राजालाई भेट्न पुगे। सिक्किमका राजाले कम्पनी सरकारको सहायता नलिई भएन। यही मौकामा लाँयड साहेबले दार्जिलिङ मागे। सिक्किम राजाले आफ्नो सर्त राखेर लालमोहर गरी दार्जिलिङ कम्पनी सरकारलाई सुम्पे।''[५] सुगौली सन्धि (सन् १८१५) र तितलिया सन्धि (सन् १८१७) अनुसार सिक्किम अनि नेपालले आपस्तको विवादमा इस्ट इन्डिया कम्पनी सरकारलाई मध्यस्थ राख्ने सर्त पारित गरिएको थियो। लाप्चेहरूसँग मिलेर गोर्खाली सेनाले १८३४–३५ मा सिक्किमको तराई क्षेत्रमा आक्रमण गरे। यही मौकामा लायडले समस्या समाधानको निहुँ पार्दै दार्जिलिङ ब्रिटिस सरकार अधीनस्थ पार्ने कुरा चलाए। उपन्यासमा उल्लेख गरे झैँ लामो पत्राचार अनि विचारविमर्शपछि १ फरवरी १८३५ मा सिक्किमले दार्जिलिङ अथवा ठुलो रङ्गीतदेखि दक्षिण बालासन, कबाइल र सानो रङ्गीतदेखि पूर्व र रूङगनो, महानदीको पश्चिम इलाका इस्ट इन्डिया कम्पनीलाई सुम्पेको कुरो थुप्रै पुस्तकहरूमा चर्चा गरिएको छ। खजाना तिरेर अस्थायी रूपमा भए पनि चलाकीसाथ ब्रिटिस सरकारले दार्जिलिङको १३८ वर्ग मिल जमिन आफ्नो अधीनमा पारेको घटना उपन्यासमा पाइन्छ। नेपालमा रेजिडेन्ड भइसकेका क्याम्पबेल सन् १८३९ मा दार्जिलिङको सुपरिटेन्डेन्ट नियुक्त भएर आएको कुरालाई उपन्यासमा यसरी देखाइएको छ – 'सरकार म बिग्रे मेरो सर्वस्व नाश भयो, म कसरी बाँच्ने? नियाँ पाउँ....' भन्दै खड्का बुढा एक सुपरिटेण्डेन्ट भएर आएका क्याम्पबेलको शरणमा गुहार्न पुग्यो।'[६] ऐतिहासिक घटनाका साथमा वास्तविक पात्र र काल्पनिक पात्रको मिश्रित प्रस्तुतिले उपन्यासमा इतिहासको चित्रण सफल रूपमा हुन सकेको छ।

### ३.२ तुमलुङ सन्धि

सन् १८३५ मा अस्थायी बसोबासोका निम्ति अनुमति पाएपछि दार्जिलिङमा भारतभरि छरिएर बसेका अङ्ग्रेजहरू आउन थाले। राजनैतिक रूपले पनि हस्तक्षेप गर्न थालेपछि सिक्किम सरकार र इस्ट इन्डिया कम्पनी सरकारमाझ सीमा विवादले १८६१ मा समस्या सृष्टि भई सन्धि गरिएको कुरा उपन्यासमा पाइन्छ। १८३५ देखि १८६५ भित्रमा दार्जिलिङ वरिपरि बस्ने त्यसताकका अङ्ग्रेजले नेपाली 'गोर्खा' भनी चिनेका मानिसहरू नेपाल र भारत आवतजावत गरिरहेका थिए र यस्ता सरुवा हुने कार्यक्रमका साथै आ–आफ्ना संस्कृति पनि ओसारपसार गरेर एउटा नयाँ गोष्ठीलाई जन्म दिइरहेका थिए भन्ने इतिहासका सन्धि र युद्धका साथमा समसामयिक जनताका जनजीवनको प्रस्तुति उपन्यासमा गरिएको छ। इतिहासका सत्य घटना र त्यसताकका नेपाली जनजीवनले खप्न परेको सङ्घर्षको काल्पनिक भावनालाई उपन्यासकारले एक साथ प्रस्तुत गरेका छन्। यस सङ्घर्षका कथामा हामी इतिहासको गन्ध

५. असीत राई, सन् १९८४, **नयाँ क्षितिजको खोज**, दार्जिलिङ , श्याम ब्रदर्स प्रकाशन, पृ ११

६. असीत राई, सन् १९८४, **नयाँ क्षितिजको खोज**, दार्जिलिङ , श्याम ब्रदर्स प्रकाशन, पृ १३

पाउँछौँ। सिक्किमका अधीनमा भएको दार्जिलिङ कसरी इस्ट इन्डिया कम्पनी अन्तर्गत आएर वर्तमान दार्जिलिङको रूप लियो भन्ने ऐतिहासिक घटनावलीमा भौगोलिक सिमाना कसरी निश्चित गरियो त? भन्ने विषयलाई उपन्यासमा चर्चा गरिएका विभिन्न सन्धिहरूले जनमानसलाई केही सूचना दिएको छ। यो पूर्ण इतिहास होइन, यसैले १८६१ को सन्धि विषय विस्तृत जानकारी पाइँदैन। केही छनक दिइने काम मात्र भएको छ। १ फरवरी १८६१ मा अङ्ग्रेज इस्ट इन्डिया कम्पनी र सिक्किम राजामाझ भएको सन्धिलाई नै तुमलुङ सन्धिको नामले चिनिन्छ।

### ३.३ सिन्चुला सन्धि

दार्जिलिङ सदरको नयाँ रूप बङ्गालको उत्तरपूर्वी विस्तृत क्षेत्रको शासनभार इस्ट इन्डिया कम्पनीको अधीनस्थ भएको र सिन्चुला सन्धिको वर्णन उपन्यासको पहिलो खण्डको भाग तीनमा पाइन्छ। जब दार्जिलिङले वर्तमान रूप पाउन विभिन्न राजनैतिक, सांस्कृतिक र सामाजिक सङ्घर्ष गरिरहेको थियो त्यसै बखत भोटाङ र इस्ट इन्डिया कम्पनीका माझमा १८६५, ११ नोभेम्बरका दिन सिन्चुला सन्धि हस्ताक्षरित भयो। माथि उल्लेख गरिएका सन्धिको दार्जिलिङ विकासमा छुट्टै स्थान छ।

यी सन्धिहरूले दार्जिलिङ विकासको ऐतिहासिक पक्षलाई केही मात्रामा स्पष्ट पार्न सहयोग गरेको छ। यी सन्धिहरूको वर्णनले पनि उपन्यासमा इतिहासलाई गाभेको छ। सन् १८३५ पछि इस्ट इन्डिया कम्पनीले दार्जिलिङमा हस्तक्षेप गरेपछिको समयलाई दार्जिलिङ विकासको थालनी बिन्दु मान्न सकिन्छ। विविध प्रकारको सङ्घर्षसँग कसरी यहाँका स्थायी वासिन्दा अर्थात नेपाली विकसित भए भन्ने विषयको चर्चामा बाटो/यातायातको सुविधा, शिक्षाको व्यवस्थित व्यवस्था, व्यापारका निम्ति चियाको खेती, आधुनिकीरणका उपकरण बिजुली, सिनेमा र शिक्षाका प्रसारले त्यहाँका मानिसहरूमा ल्याएका राम्रा र नराम्रा प्रभाव, साहित्यिक गतिविधि, राजनैतिक चेतनाको प्रार्दुभाव र समाज जाति अस्मिताको जागरणजस्ता विषयलाई लिएर उपन्यास अघि बढेको छ।

### ३.४. सडक निर्माण

दार्जिलिङलाई बसोबासको केन्द्र बनाएपछि अङ्ग्रेज तत्कालीन सरकारले सिलगढीसँग दार्जिलिङलाई जोड्ने सम्पर्कका निम्ति बाटाको खाँचो अनुभव गऱ्यो। पुँजी कम्पनी सरकारको, सङ्घर्ष र परिश्रम नेपालीको भन्ने पक्ष यस उपन्यासमा पाइन्छ। बाटो निर्माणमा पुर्खाको कति परिश्रम र जीवन लागेको छ त्यसमा दार्जिलिङ विकासको इतिहास लुकेको छ। धनवीर, लामिछाने, साइँला, लाहुरे जस्ता पात्रद्वारा परदेशमा पैसा कमाई घरजाम गर्ने सुखी जीवन जिउने सपना साँचेका नेपाली सोझो दाजु–भाइले कम्पनी सरकारको डरले र गोर्खा हुने प्रमाण दिन बाटो बनाउने कार्यमा ज्यानको बलिदान दिनु परेको चर्चा उपन्यासमा खण्ड एकको तीन र चार भागमा गरिएको छ।

### ३.५ रेल मार्ग निर्माण

चियाको उत्पादन गर्न थालेपछि यसका निम्ति आवश्यक काँचो पदार्थ आयात गर्न, बनिएको चिया निर्यात गर्न अङ्ग्रेजहरूको सुविधा हेतु दार्जिलिङसँग छिटो सहज तरिकाले सिलगढीबाट सम्पर्क गर्न इस्ट इन्डिया कम्पनीले रेलको बाटो बनाउने योजना गरेको थियो। उपन्यासको खण्ड एकको सातौँ भागमा रेल लाइन बनाउने काम १८७९ सालदेखि सुरु गरेर १८८० मा तीनधारे आइपुगेको र सन् १८८१ मा दार्जिलिङसम्म बनिएको वर्णन पाइन्छ। उपन्यासमा रेलको पहिलो आगमनमा गाउँलेहरू यसरी कुरा गर्छन्–

'कस्तो डरलाग्दो नि.... मुखबाट आगो र धुवाँ निकाल्दै कसरी दगुरेको हो।'

'हन चिम्टामाथि कसरी कुद्याको हौ।'[७]

### ३.६. शिक्षा व्यवस्था

तत्कालीन साधारण नेपाली दिनभरि बाटो बनाउने, चोइली काटने, गाई–गोरु चराउने र बेलुकी सुक्खा भात–माडले पेट भरेर जीवन यापन गरिरहेका थिए। नेपालीको यस्तो अवस्थामा अङ्ग्रेजी मेम, साहेब सुकिला जीवन यापनका साथ दार्जिलिङलाई पनि विकसित रूप दिँदै अघि बढिरहेका थिए। अङ्ग्रेजहरूले आफ्ना बाल–बच्चालाई शिक्षा दिनका लागि सन्तपाल र लरेटो कन्भेन्टजस्ता विद्यालयको स्थापना गरेको चर्चा उपन्यासमा पाइन्छ। उपन्यासमा लुँगाले दुई छोरा धनहाङ र मनहाङलाई साहेबको छोराछोरीजस्तै ठुलो मान्छे बनाउने सपना साँच्दै स्कुल पठाएको र त्यसरी नै म्याकफर्लेनको आगमनपछि प्राथमिक पाठशालाहरू खोलिन लागेको प्रसङ्गले शिक्षाको थालनी १८६९ का दशकदेखि नै दार्जिलिङमा हुन थालेको दृश्य प्रस्तुत गर्दछ। यसरी दार्जिलिङमा शिक्षा व्यवस्थाको सफल योजना र विस्तारले यस क्षेत्रमा आएको विकासका विविध घटनावलीको चित्रणले उपन्यासमा ऐतिहासिक पक्षलाई दर्शाएको छ।

### ३.७ औद्योगिकीकरण

इस्ट इन्डिया कम्पनीले दार्जिलिङमा आफ्नो सुविधाअनुसार विकास गर्न थाल्यो। स्कुलहरू खोले, शिक्षाको प्रचार हुन थाल्यो। अर्कातिर सडक, रेलको बाटो, बिल्डिङ, सिनेमा, बिजुलीजस्ता कुराले दार्जिलिङलाई आकर्षणीय बनाउन थाल्यो। दार्जिलिङमा औद्योगिकीकरणको सर्वप्रथम प्रयास नै चियाको खेती हो। दार्जिलिङमा चियाको इतिहाससँग नेपाली जातिमा आउन थालेको विकासको इतिहास प्रारम्भ भएको पनि उपन्यास नयाँ क्षितिजको खोजले बताउँछ। मजदुर युनियनको गठन गरी कतिपय मागहरू राखेर २२ जून १९५५ देखि दार्जिलिङका चियाबगानहरूमा हडताल भएको घटना उपन्यासमा यथावत्

७. असीत राई, सन् १९८४, **नयाँ क्षितिजको खोज**, दार्जिलिङ, श्याम ब्रदर्स प्रकाशन, पृ ४७

पाइन्छ। २५ जूनका दिन मालिक वर्ग र चियाबारीका श्रमिकमाझमा मार्गरेट होप चियाकमानमा मुठभेड भई गोलीकाण्डमा सहिद भएका अमृतमाया कमिनी, मौलीशोभा राईनी, जीतमान तामाङ, कान्छा सुनुवार, पदम बहादुर कामी, काले सुब्बा सहिद भएको सत्य घटना उपन्यासमा राखिएको छ। चियासँग सम्बन्धित यी विषय, घटनालाई रोचकताका साथमा 'नयाँ क्षितिजको खोज' उपन्यासमा प्रस्तुत गरेर दार्जिलिङ चियाबारीका पहरा कन्दरामा नेपालीले भोग्नु परेको इतिहासलाई प्रकाशमा ल्याइएको छ।

उपन्यासमा खण्ड एक चेप्जुदेखि बराजुसम्ममा दार्जिलिङमा नेपाली जातिको बसोबासको थालनी, विकासका घटनाहरू देखाइएको छ। यसै खण्डका अन्तिम भागतिर दार्जिलिङ पूर्णतया विकसित देखाइएको छ। खण्ड दुई बराजुदेखि बाजेसम्म र खण्ड तीनमा बाजेदेखि बाबुसम्मका पुस्ता देखाएर यसमा आधुनिकीकरणका प्रभावले ल्याएको जाति, भाषाप्रतिको माया, विकासको चाहना, सांस्कृतिक, राजनैतिक सचेतता र भारत स्वतन्त्र आन्दोलन र प्रथम र दोस्रो विश्वयुद्ध, यसमा नेपाली युवाहरूको सहभागिताजस्ता तत्कालीन नेपाली समाजमा भएका घटनाहरूको उल्लेख गरिएको पाइन्छ। आफ्नो भाषाप्रतिको सजगता, स्कुलहरूमा पत्र–पत्रिकामा नेपाली भाषा प्रयोगको थालनीजस्ता कुराको वर्णन उपन्यासमा पाइन्छ। यस्ता घटनाहरूको चित्रणले उपन्यासमा दार्जिलिङे नेपाली समाजका विकासको सोपानक्रम अर्थात कालक्रमिक इतिहासलाई दर्शाउँछ।

### ४. निष्कर्ष

उपन्यासकार असीत राईको नयाँ क्षितिजको खोज दार्जिलिङमा नेपाली जातिको थालनी, विकास र बीसौँ शताब्दीको मध्यसम्म नेपाली समाजको चित्रण गरिएको उपन्यास हो। सम्पूर्ण घटनाहरूले भारतीय नेपाली जातिको इतिहास बोकेको भए तापनि यसमा कल्पना र भावनात्मक विचारको मिश्रण पाइन्छ। अठाह्रौँ शताब्दीको अन्तिम दशक, उन्नाइसौँ शताब्दीको प्रथम दशकदेखि बीसौँ शताब्दीको अन्तिम दशकसम्म लगभग दुई सय वर्षको दार्जिलिङ भू–भागको गठन, नेपाली जातिको सङ्घर्ष र विकासका इतिहासलाई उपन्यास नयाँ क्षितिजको खोजले दर्शाएको छ। इतिहासका पानाबाट निकालेर लेखिएका ऐतिहासिक घटनाक्रमलाई इतिहासमा झैँ कालक्रमिक रूपमा प्रस्तुत गरिएको तर कथा प्रस्तुतिमा उपन्यासकारको मौलिकता र कलात्मकता पाइने घटनाप्रधान उपन्यास नयाँ क्षितिजको खोजमा इतिहास चेतना आबद्ध छ।